# बन्दिपुर गाउँपालिका

## कार्यपालिका बैठक माइन्युट

| मितिः २०८२।०७।२६ बुधवार | बैठक संख्याः ०६ (आर्थिक वर्ष २०८२।०८३) |
|---|---|
| अध्यक्षता | श्री सुरेन्द्र बहादुर थापा, गाउँपालिका अध्यक्ष |

| क्र. स. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | |
| २ | पञ्चमाया गुरूङ | उपाध्यक्ष | |
| ३ | शिवकुमार श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ४ | तिलक बहादुर कुँवर | २ नं वडा अध्यक्ष | |
| ५ | परमेश्वर भट्टराई | ३ नं वडा अध्यक्ष | |
| ६ | दान बहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ७ | ध्रुव प्रसाद लामिछाने | ५ नं वडा अध्यक्ष | |
| ८ | वल बहादुर गुरुङ | ६ नं वडा अध्यक्ष | |
| ९ | कौशिला परियार वि.क. | कार्यपालिका सदस्य | |
| १० | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | |
| ११ | उमा घर्ती | कार्यपालिका सदस्य | |
| १२ | हरी माया वि. क. | कार्यपालिका सदस्य | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | |
| १५ | कमल बहादुर के.सी. | सदस्य-सचिव | |

एजेन्डाहरू:

| सि.नं. | एजेन्डाको संक्षिप्त विवरण |
|---|---|
| १. | अघिल्लो बैठकको समीक्षा । |
| २. | भुजेलगाउँ लिफ्टिंग खानेपानीको ठेक्का लगाउने सम्बन्धमा । |
| ३. | सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा । |
| ४. | एकिकृत घुम्ति शिबिर सम्बन्धमा । |
| ५. | बन्दिपुर अस्पतालमा कार्यरत चिकित्सक एवं कर्मचारीहरुको थप सुविधा कार्यविधि : २०८२ |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

| | |
|---|---|
| ६. | आर्थिक सहयोग सम्बन्धमा। |
| ७. | एकिकृत सम्पत्ति कर सम्बन्धमा। |
| ८. | राजमार्ग वरिपरी अव्यबस्थित घर टहरा कायम सम्बन्धमा। |
| ९. | बन्दिपुर महोत्सब अनुमति अनुमोदन सम्बन्धमा। |
| १०. | बन्दिपुर बसपार्कको बाटो निर्माण सम्बन्धमा। |
| ११. | थानिमाई मन्दिरको फुलको डोली सहित पुजा सम्बन्धमा। |
| १२. | रोजगार कार्यक्रमसंग लागत साझेदारीमा संचालन गरिने योजनाको सम्बन्धमा। |
| १३. | रोजगार कार्यक्रम अन्तरगतका योजनाको लागि बजेट विनियोजन सम्बन्धमा। |
| १४. | करार सेवामा नियुक्ति सम्बन्धमा। |
| १५. | बन्दीपुरअस्पतालको ओ.पि.डी. सेवा विस्तार सम्बन्धमा। |

**बन्दिपुर गाउँपालिका**

**कार्यपालिका बैठकका निर्णयहरु:-**

**मिति:-२०८२/०७/२६**

| नि.न. | विषय क्षेत्र/एजेण्डाहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | अघिल्लो बैठकको समीक्षा। | अघिल्लो बैठकको निर्णय उपर छलफल गरि कार्यान्वयनको अवस्थाको समीक्षा गरियो। |
| २. | खानेपानी योजनाहरुको डिपिआर/विस्तृत लागत अनुमान प्रतिवेदन स्वीकृति तथा भुक्तानी सम्बन्धमा। | आ.व. २०८२/८३ मा यस गाउँपालिकाबाट संचालन हुने संघ सरकारबाट हस्तान्तरित विशेष अनुदान तर्फको 'भुजेलगाउँ लिफटिंग खानेपानी बन्दीपुर-५ तनहुँ' योजना तथा प्रदेश सरकारबाट हस्तान्तरित विशेष अनुदान तर्फको 'भुडाटार खानेपानी योजना' को फिल्टर निर्माण गर्नको लागि डिपिआर/विस्तृत लागत अनुमान तयार गर्न सम्झौता तथा कार्यादेश भएको हिन्ट्स कन्सल्ट प्रा.लि., टोखा-३,काठमाडौंले पेश गरेको अन्तिम प्रतिवेदन स्वीकृत गरी सम्झौता बमोजिमको रकम निज परामर्शदाता लाई भुक्तानी गर्ने निर्णय गरियो। |
| ३. | सार्बजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा। | आ.ब.२०८२/८३ को प्रथम चौमासिक सार्बजनिक सुनुवाई कार्यक्रम २०८२ मार्ग ८ गते गर्ने निर्णय भयो। |
| ४. | थानीमाई मन्दिरको ठेक्का लगाउने विषयमा संसोधन गर्ने सम्बन्धमा। | थानीमाई मन्दिरको ठेक्का लगाउने सम्बन्धमा मिति २०८२/०५/१५ गतेको कार्यपालिकाद्वारा रु.५० लाखको स्रोत सुनिश्चित गरी डि.पी.आर बमोजिमकै रु. ८५ लाख ३५ रुपैंया ५८ रकमको ठेक्का लगाउने र बाँकि नपुग रहेको रु. ३५ लाख ३५ रुपैंया ५८ पैसा आगामी सभाबाट बजेट सुनिश्चित गर्ने भनि निर्णय भएकोमा त्यसलाई संसोधन गरी डि.पी.आर मा भएको प्रत्येक |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | | आइटमको रेटलाई २०% ले घटाई हुन आउने रेटलाई कायम गरी लागत अनुमान तयार गरी ठेक्का आव्हान गर्ने र बाँकि नपुग रकमलाई आगामी गाउँसभाद्वारा बजेट सुनिश्चित गर्ने निर्णय गरियो । |
| ५. | बन्दिपुर अस्पतालमा कार्यरत चिकित्सक एबं कर्मचारीहरुको थप सुबिधा कार्यविधि : २०८२ | बन्दिपुर अस्पतालमा कार्यरत चिकित्सक एबं कर्मचारीहरुको थप सुबिधा कार्यविधि,२०८२ लाइ स्वीकृत गरि बन्दिपुर गाउँपालिकामा कार्यरत चिकित्सक प्रोत्साहन भत्ता कार्यविधि,२०८० खारेज गर्ने निर्णय गरियो । |
| ६. | आर्थिक सहायता सम्बन्धमा । | तपशिल बमोजिमका व्यक्ति सँस्थालाइ तपशिल बमोजिम आर्थिक सहायता गर्ने निर्णय गरियो ।<br>१. बन्दिपुर गाउँपालिका वडा न. ५ स्थित सयपत्री महिला तथा बालकल्याण समुह, याम्पाफाँटको निबेदन अनुसार आदिमुल मन्दिरमा फुलको डोली सहित पुजा अर्चना गर्ने कार्यको लागि रु.२००००/- बिस हजार सहायता गर्ने निर्णय गरियो ।<br>२. बन्दिपुर गाउँपालिका वडा न. ३ स्थित शिब मा.बि. लाइ एकादशीमा फुलको डोली सहित पुजा अर्चना गरेकोले उक्त कार्यको लागि रु.१००००/- दश हजार सहायता गर्ने निर्णय गरियो ।<br>३. बन्दिपुर गाउँपालिका वडा न. २ खहरे बस्ने राम बहादुर कुँवरको गोठ/धनसार आगोलागी भै क्षतिग्रस्त भएकोले रु.१००००/- दश हजार सहायता गर्ने निर्णय गरियो ।<br>४. बन्दिपुर गाउँपालिका वडा न. ४ बस्ने पार्वती राईको १९ बर्षीय छोरी विपाशा राई सुगर, प्रेशर जस्ता रोगबाट ग्रस्त भै उपचारमा धेरै रकम खर्च भएको र निजको आर्थिक स्थिति ज्यादै कमजोर भएकोले रु.१५०००/- पन्ध्र हजार सहायता गर्ने निर्णय गरियो ।<br>५. बन्दिपुर गाउँपालिका वडा न. ६ बस्ने मनिराज गुरुङको पत्नी बुद्दीमाया गुरुङ मृगौला रोगि भएको र निजको घरको आर्थिक स्थिति कमजोर भएकोले रु.१००००/- दश हजार सहायता गर्ने निर्णय गरियो ।<br>६. बन्दिपुर गाउँपालिका मार्फत लायन्स क्लबले श्री कालिका मा.बि बन्दिपुर -२ कुकुर्दीमा कक्षा-१० सम्मका छात्र-छात्रालाइ स्कुल ब्याग देखि स्टेशनरी सामान वितरण गरेकोले उक्त कार्यक्रममा अतिथि महानुभाबहरुलाई खुवाएको खाजा खर्च बापतको रकम रु. ४८००/- चार हजार आठसय भुक्तानी दिने निर्णय गरियो । |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश नेपाल

| | | |
|---|---|---|
| | | ७. गुरुङ राष्ट्रिय परिषद जिल्ला कार्य समिति, तनहुँको जिल्ला अधिबेशनलाई रु.१००००/- दश हजार सहायता गर्ने निर्णय गरियो<br>८. नेपाल कम्युनिष्ट पार्टी, गण्डकी प्रदेशलाई रु.२००००/-बिस हजार आर्थिक सहायता गर्ने निर्णय गरियो। |
| ७. | **एकिकृत सम्पत्ति कर सम्बन्धमा।** | बन्दिपुर गाउँपालिकाको आर्थिक ऐनको अनुसची १ दफा २ संग सम्बन्धित सम्पत्ति करको दायरा तथा करको दर वडा नं. १ अन्तर्गतका तालिका न.१ मा उल्लेख भए बमोजिमका तपशिलका नक्सा सिट नं. छुट भएको हुदाँ शुत्र (भूमि तथा सम्पत्ति कर) को सफट्वयर बाट तिरो लिन नमिलेको हुदाँ संशोधन गरी शुत्रमा थप गर्ने निर्णय गरियो। |
| ८. | **ठेक्काको म्याद थप गर्ने सम्बन्धमा।** | आ.व. २०८२/८३ मा यस गाउँपालिकामा संचालित Construction of Ward-4 Office Building (BRM/NCB/WORKS/11/2081/082) ठेक्काको २०८२/०७/३० सम्म म्याद भएकोमा २०८२/०९/३० सम्म कायम हुने गरी म्याद थप गर्ने निर्णय गरियो। |
| ९. | **बन्दिपुर महोत्सब अनुमति सम्बन्धमा।** | बन्दिपुर गाउँपालिकाको पर्यटन प्रबर्धन गर्न बन्दिपुर गाउँपालिकाको संरक्षकत्वमा तनहुँ उद्योग बाणिज्य संघ, बन्दिपुर बजार इकाई समितिद्वारा २०८२ मार्ग १० देखि २१ गते सम्म आयोजना हुने "छैटौ बन्दिपुर महोत्सब,२०८२" लाइ गाउँपालिका कार्यालयबाट यस भन्दा अगाडी दिएको अनुमतिलाई अनुमोदन गर्ने निर्णय गरियो। |
| १०. | **बन्दिपुर बसपार्कको बाटो निर्माण सम्बन्धमा।** | बन्दिपुर गाउँपालिका वडा न. २ स्थित बसपार्क जाने आउने बाटो बिग्रेको र निकट भविष्यमा हुन गइरहेको बन्दिपुर महोत्सब समेतको चापलाई मध्यनजर गरि बसपार्कसम्म जानआउनको लागि प्राबिधिक स्टिमेट गराई सडक मर्मत शीर्षकबाट बेहोर्ने गरि रु. १५००००/- एकलाख पचासहजार छुट्याई बाटो मर्मत तथा निर्माण गर्ने निर्णय गरियो। |
| ११. | **थानिमाई मन्दिरको पुजा सम्बन्धमा।** | बन्दिपुर गाउँपालिकाले वडा न.-२ स्थित थानिमाई मन्दिरमा फुलको डोली लागि पुजाआजाको कार्यक्रम गरि परम्परागत धार्मिक प्रचलनलाई निरन्तरता दिई पुजा सम्पन्न गरेको र उक्त पुजामा बाजागाजालाइ लागेको खर्च, बाजागाजा टोली र कर्मचारीहरुलाई बिहानको खाजा, खाना समेतको खर्चलाई गाउँपालिकाले भुक्तानी गर्ने निर्णय गरियो। |
| १२. | **रोजगार कार्यक्रमसंग लागत साझेदारीमा संचालन गरिने योजनाको सम्बन्धमा।** | रोजगार कार्यक्रम अन्तरगत प्राप्त हुने अनुदान रकम ज्यालाको लागि मात्र हुने भएकोले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प.स.२०७७/०७८, च.न.PMEP/१९९, मिति२०७७।०९।१३ को पत्रमा उल्लेखित शशर्त अनुदान कार्यन्वयनका शर्तहरु मध्ये शर्त न १ तथा कामका लागि |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | | पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ११ (२) बमोजिम रोजगार उपभोक्ता समितिसँग साझेदारीमा संचालन गरिने योजनाहरुमा लागत सहभागिता (नगद वा श्रमदान) राख्नुनपर्ने गरि योजना कार्यन्वयन गर्ने निर्णय गरियो । |
| १३. | **रोजगार कार्यक्रम अन्तरगतका योजनाको लागि बजेट विनियोजन सम्बन्धमा ।** | बेरोजगार सूची निर्धारण तथा प्राथमिकिकरण मार्गदर्शन २०७६ अनुसार प्राथमिकतामा परेका सुचिकृत बेरोजगारहरुलाई न्युनतम रोजगारी प्रदान गर्नका लागि आ.व. २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम एवम बजेट पुस्तकमा परेका तालिका न. २ मा उल्लेखित तपसिलका योजनाहरुमा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमबाट ज्यालामा थप हुने गरि बजेट विनियोजन गर्ने निर्णय गरियो । |
| १४. | **करार सेवामा नियुक्ति सम्बन्धमा ।** | बन्दिपुर गाउँपालिका वा गाउँपालिका मातहतका अस्पताल, स्वास्थ्य सँस्था र वडाहरुमा कार्यरत स्वीकृत दरबन्दी भित्रका कुनै पदहरु अवकाश, सरुवा वा अन्य कुनै कारणले रिक्त हुन आएको खण्डमा र उक्त पदहरुमा लोकसेवा आयोगबाट सिफारिस भइ नियुक्ति वा अन्य कुनै निकायबाट सरुवा भइ स्थायी कर्मचारीको पदपूर्ति नभए सम्मको लागि त्यस्ता रिक्त पदहरुमा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयले आबश्यक प्रक्रिया पुरा गरि सेवा करारमा लिन सकिने निर्णय गरिन्छ । |
| १५. | **बन्दीपुरअस्पतालको ओ.पि.डी. सेवा विस्तार सम्बन्धमा ।** | बन्दीपुर गाउँपालिका वडा नं:०४ स्थित बन्दीपुर अस्पतालको श्रोत साधन तथा जनशक्तिद्वारा बन्दीपुर गाउँपालिका वडा नं:०४ डुम्रे स्थित बन्दीपुर अस्पतालको सेवा विस्तार शाखा मार्फत मिति २०८२ मङ्सिर महिनादेखि ओ.पि.डी. सेवा विस्तार गर्ने निर्णय गरियो । |

**तालिका न. १ :- निर्णय न.७ सँग सम्बन्धित**

**तपशिलः**

| **क्र.सं.** | **नक्सा सिट नं.** | **विवरण** | **कैफियत** |
|---|---|---|---|
| 1 | बन्दिपुर 1/ख, 1/ग, 1/घ र 1/च | कच्चि सडकको दाया बायाँका जग्गाहरु | 8,00,000।- |
| | | भित्री कच्चि सडकको दाया बायाँका जग्गाहरु | 6,00,000।- |
| | | अन्य (कुनैपनी सडकले नछोएको जग्गाहरु) | 75,000।- |
| 2. | बन्दिपुर 1/छ र 1/ज | कच्चि सडकको दाया बायाँका जग्गाहरु | 2,00,000।- |
| | | भित्री कच्चि सडकको दाया बायाँका जग्गाहरु | 2,00,000।- |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | | अन्य (कुनैपनी सडकले नछोएको जग्गाहरु) | 75,000।- |
| 3 | अन्य जग्गाहरु | खेत मात्र उल्लेख भएको हुदाँ बारी (अब्बल, पाखो र सिम) थप गरिदनु हुन। | 1,00,000।- |
| 4 | मैवल 4/घ र मैवल 3/ज | पृथ्वी राजमार्गको दाया बायाँका जग्गाहरु | 18,00,000।- |
| | | कच्चि सडकको दाया बायाँका जग्गाहरु | 8,00,000।- |
| | | भित्री पक्कि सडकको दाया बायाँका जग्गाहरु | 12,00,000।- |
| | | भित्री कच्चि सडकको दाया बायाँका जग्गाहरु | 6,00,000।- |
| | | अन्य (कुनैपनी सडकले नछोएको जग्गाहरु) | 75,000।– |

**तालिका न. २ :- निर्णय न.१३ सँग सम्बन्धित**

**तपसिल**

| क्र.स. | योजनाको नाम | वडा न | पालिकाबाट विनियोजित | रोजगारबाट रकम रु | जम्मा रु. |
|---|---|---|---|---|---|
| १ | बगैचा सिढि निर्माण | ४ | ३,००,०००/- | १००,०००/- | ४००,०००/- |
| २ | खडगदेवी मन्दीर ढुँगा छपनी | ४ | ५,००,०००/- | १५०,०००/- | ६५०,०००/- |
| ३ | माझटार देखी वाग्थल रेलिङ सिढी बाटो ढलान | ६ | २,००,०००/- | १००,०००/- (आन्तरिक) | ३००,०००/- |
| ४ | चौतारा मर्मत | ५ | ८०,०००/- | ५०,०००/- | १३००००/- |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष